# नेपाल गजेट

## भाग २

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड १४] काठमाडौं, मार्ग १ गते २०२१ साल [अतिरिक्ताङ्क १८ (ख)


**श्री ५ को सरकार**

### कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिए बमोजिमको ऐन सर्व साधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२१ सालको ऐन नं. २६

स्वस्तिश्री गिरिराज चक्रचूडामणि नरनारायणत्यादि विविध विरुदावली विराजमान मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुल ज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा दक्षिणबाहु महाधिपति अतिरथी परमसेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समर विजयिनाम् ।

### राष्ट्रिय निर्देशन ऐनलाई संशोधन गर्न बनेको ऐन

<u>प्रस्तावनाः</u>– राष्ट्रिय निर्देशन ऐन, २०१८ (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्नु वाञ्छनीय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>– (१) यस ऐनको नाम "राष्ट्रिय निर्देशन (संशोधन) ऐन, २०२१" रहेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३६५

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल ऐनको दफा ३ मा संशोधनः– मूल ऐनको दफा ३ को उप–दफा (६) पछि देहाय बमोजिमको उप–दफा (७) थपिएको छः–

(७) यस ऐन तथा वर्गीय तथा व्यावसायिक संगठनहरूका विधानहरूमा जेसुकै लेखिएको भए तापनि श्री ५ को सरकारले आवश्यक देखेमा वर्गीय तथा व्यावसायिक संगठनहरूको विधानमा सम्बन्धित संगठनको कार्य समितिसंग सल्लाह गरी संशोधन गर्न सक्नेछ।

३. मूल ऐनको दफा ४ मा संशोधनः– मूल ऐनको दफा ४ को सट्टा देहाय बमोजिमको दफा ४ राखिएको छः–

४. जिल्ला निर्देशन समिति अञ्चल निर्देशन समिति र राष्ट्रिय निर्देशन परिषद्को गठन र तिनीहरूको काम कर्तव्य र अधिकारः– (१) नेपाल अधिराज्यको वर्गीय तथा व्यावसायिक संगठनहरू र अन्य संगठनहरूका कार्यमा गतिशीलता ल्याउन तिनीहरूको पारस्परिक स्वार्थलाई जुध्न नदिई पञ्चायत र सबै संगठनहरूको गतिविधिमा राम्रो सामञ्जस्य कायम गर्न केन्द्रमा श्री ५ महाराजाधिराजको अध्यक्षतामा एउटा राष्ट्रिय निर्देशन परिषद् रहने छ। यसै गरी श्री ५ को सरकारबाट प्रत्येक अञ्चलमा एक अञ्चल निर्देशन समिति र प्रत्येक जिल्लामा एउटा जिल्ला निर्देशन समितिको गठन गरिनेछ। राष्ट्रिय निर्देशन परिषद्मा तथा अञ्चल र जिल्ला निर्देशन समितिहरूमा विभिन्न वर्गीय तथा व्यावसायिक संगठन समेतको सम्बन्धित तहका प्रतिनिधिहरू रहने छन्।

(२) उप–दफा (१) बमोजिम गठित राष्ट्रिय निर्देशन परिषद्ले तथा अञ्चल र जिल्ला निर्देशन समितिहरूले आफ्नो आफ्नो कार्यविधि आफैंले व्यवस्थित गर्न सक्ने छन्।

लालमोहर सदर मिति २०२१।८।१।२ मा।

आज्ञाले–
विनोदप्रसाद धिताल
श्री ५ कोसरकारको सह–सचिव।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२८०